# स्थानीय राजपत्र


## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७** **संख्या ५** **मिति २०८०/०४/२४**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ।

**भाग २**

## सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०८०

कार्यपालिकाबाट पारित मिति : २०८०/०४/२२

**प्रस्तावना :** वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याउनका लागि वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि नियिमत गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आप्रवासी स्रोत केन्द्र" भन्नाले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रलाई सम्झनु पर्नेछ ।

(ख) "उप-शाखा" भन्नाले पालुङटार नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत रहेको सुरक्षित आप्रवासन उप-शाखालाई सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ङ) "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) "मोड्युल" भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि नगरपालिकाले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्दछ ।

(ज) "विभाग" भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्दछ ।

(झ) "सम्बन्धित निकाय" भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु जस्तै वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तव्य मुलुकहरुमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ ।

(ञ) "सेवा प्रदायक/विशेषज्ञ" भन्नाले पालुङटार नगरपालिकाद्वारा सार्वजानिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरी सीप तालिम, कानुनी सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श वा उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति/संस्थालाई सम्झनु पर्दछ ।

(ट) "स्थानीय तह" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य तथा रणनीति

**३. कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरु (वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति तथा तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिलाई लक्षित गरी) लाई लक्षित गरी एकिकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) सुरक्षित वैदेशिक रोजगारीका लागि नगरपालिका स्वयंले वा अन्य स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँको साझेदारीमा बजेट व्यवस्थापन र योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ग) वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिलाई लक्षित गरी यस नगरपलिकाले अन्य स्थानीय सरकारसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी श्रोत केन्द्र स्थापना तथा सञ्चालन गरी आवश्यक सूचना तथा परामर्श लगायतका सेवाहरु प्रवाह गर्ने वा नगरपलिकाले आफ्नो पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सेवा केन्द्रबाट लक्षित सेवाग्राहीलाई सो सम्बन्धी सेवाहरु प्रवाह गर्ने ।

(घ) जिल्ला स्थित अन्य स्थानीय सरकार, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सीपमुलक तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई प्राथमिकता दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ङ) वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रम तथा गतिविधीहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने ।

**४. रणनीति**: कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका रणनीति अपनाइनेछ :–

(क) वैदेशिक रोजगारको क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा समीक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागितामा जोड दिई विषयगत शाखाहरु मार्फत योजनाहरु बनाउदा वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिसँग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिनेछ ।

(ख) यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, श्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि आप्रवासी श्रोत केन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अनुगमन, निःशुल्क सूचना तथा परामर्श सेवा जस्ता कार्यहरुमा अन्य स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार अन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा जोड दिईनेछ ।

(ग) जिल्ला प्रशासन कार्यालयसँगको समन्वय तथा सहकार्यमा जिल्ला प्रशासन कार्यालय हाता भित्र सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत केन्द्रको स्थापना तथा सञ्चालन

गरिने छ वा नगरपालिका स्वयंले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सेवा केन्द्रबाट लक्षित सेवाग्राहीलाई सो सम्बन्धी सेवाहरु प्रवाह गर्न सक्नेछ ।

## परिच्छेद ३
## योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु

५. **वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनः (१)** यस पालुङटार नगरपलिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तथ्यांक संकलन कार्य सम्वन्धित शाखा (सामाजिक/आर्थिक/रोजगार शाखा) को नेतृत्वमा आवश्यक गणक नियुक्त गरी परिचालन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारमा रहेका व्यक्तिको संख्या, सीप तालिम तथा सूचनामा आप्रवासी कामदारको पहुँच, विप्रेषण प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरूले सामना गर्नु परेका समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिनेछ ।

(४) उपदफा (३) मा उल्लेख गरेका कार्यका साथ साथै वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता, पुँजी तथा हालको आवश्यकता र उनीहरुद्वारा संचालित उद्यम तथा व्यावसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिनेछ ।

(५) उपदफा (३) र (४) बमोजिम संकलित तथ्यांक तथा वस्तुगत विवरणका आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिनेछ ।

६. **सुरक्षित आप्रवासन सम्बन्धी सुचना, परामर्श तथा सेवा केन्द्र सञ्चालनः** (१) पालुङटार नगरपलिकाले वैदेशिक रोजगारीलाई सुरक्षित,मर्यादित र लाभदायक बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी श्रोत केन्द्र वा रोजगार सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

(२) नगरपलिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रबाट आफ्नो पालिका क्षेत्र भित्रका लक्षित सेवाग्राहीलाई उपदफा (१) बमोजिमका सेवाहरु प्रवाह गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम संचालन भएका केन्द्र मार्फत वैदेशिक रोजगारको शिलशीलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारलाई सहज न्याय, क्षतिपूर्ति,

आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ।

(४) आप्रबासी श्रोत केन्द्र वा रोजगार सूचना केन्द्रले सूचना प्रवाहलाई व्यापकता दिनका लागि संचार माध्यमहरुसँगको समन्वय तथा सहकार्यमा काम गर्नेछ।

(५) उपदफा (१) बमोजिमका केन्द्रमा आवश्यकता अनुसार कर्मचारी नियुक्त गरी परिचालन गर्न सकिनेछ।

७. **रिटर्नी स्वयंसेवक परिचालन :** (१) वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्नको लागि कम्तिमा ३ जनाका दरले रिटर्नी स्वयंसेवक परिचालन गरिनेछ।

(३) रिटर्नी स्वयंसेवकले एक महिनामा कम्तिमा १५ दिन आफ्नो कार्यक्षेत्रको समुदायस्तरमा वैदेशिक रोजगारी सम्वन्धि सूचना, जानकारी तथा अनुभव आदान प्रदान गर्ने छन्।

८. **समुदाय अभिमुखीकरण कार्यक्रम :** वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा सुचना दिनको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९. **सीपमुलक तालिम सञ्चालन तथा सहजिकरण :** (१) वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारको पहिचान गरि वैदेशिक रोजगारमा रहँदा गर्नु पर्ने कामसँग सम्बन्धित सीपमुलक तालिम प्रदान गर्नको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय, प्रदेश सरकार तथा नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थासँगको समन्वय र सहकार्यमा सीपमुलक तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

(२) उपदफा (१) बमोजिम तालिम संचालन गर्दा गन्तव्य मुलुकको आवश्यकता तथा मापदण्ड अनुरुपको पाठ्यक्रम निर्माण गरी सञ्चालन गरिनेछ।

(३) तालिम सञ्चालन सम्बन्धी मोड्युल आवश्यकता अनुसार नेपाल सरकारको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT), वैदेशिक रोजगार बोर्डको सचिवालय र तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा तयार गरी लागू गरिनेछ।

**१०. न्यायमा सहजिकरण :** (१) वैदेशिक रोजगारको क्रममा हुने ठगी, वेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्र/रोजगार सूचना केन्द्र मार्फत सहजिकरण गरिनेछ।

(२) समस्याको प्रकृति अनुसार समस्याहरुको सहजिकरणका लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

**११. वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम :** (१) वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको उचित व्यवस्थापन तथा उत्पादनमुलक क्षेत्रमा उपयोग गरी आय आर्जन वृद्धि तथा रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले विप्रेषण प्राप्त गर्ने घर परिवारलाई लक्षित गरी समुदायस्तरमा सामूहिक रुपमा वित्तीय साक्षरता कक्षा संचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम वित्तीय साक्षरता कार्यक्रम भौगोलिक बनोट अनुसार प्रत्येक समूहमा कम्तिमा २५ र बढीमा ३० जना सम्म सहभागी हुने गरी वडा छनौट गरेर कक्षा संचालन गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिम वित्तीय साक्षरता कक्षा सामान्यतया प्रत्येक हप्ताको एक दिन करिब २ घण्टा संचालन हुनेछ र यस्ता कक्षा बढीमा ६ महिनासम्म नियमित संचालनमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षा संचालन गर्नको निम्ति वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिनेछ।

(५) वित्तिय साक्षरता सहजकर्ताको योग्यता तथा अनुभव दफा २० मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१२. सिपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रम :** (१) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरको सम्भाव्यता तथा उक्त व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम निर्माण तथा सञ्चालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइ आवश्यक मापदण्ड तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(३) विदेशबाट फर्केर आएका व्यक्तिसँग भएको सीप तथा दक्षता सम्बन्धि विवरणलाई संकलन गरी रोष्टर बनाई उक्त जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा सञ्चालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिनेछ।

(४) वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**१३. मनोसामाजिक परामर्श सेवा :** (१) वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगि रहेका व्यक्ति तथा निजका परिवारका सदस्यलाई लक्षित गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

(२) मनोसामाजिक परामर्श सेवा प्रदान गर्दा अपनाउनु पर्ने आधारभूत विषयहरु जस्तै: उपयुक्त स्थान, गोपनियता र विस्वस्नियता कायम गरिनेछ।

(३) परामर्श सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिनेछ।

(४) मनोसामाजिक परामर्शकर्ताको योग्यता तथा अनुभव दफा २० मा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) परामर्श सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सकिनेछ।

(६) मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ संस्था/निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(७) परामर्श सेवा सञ्चालनका लागि आवश्यक मोड्युल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी कार्यान्वयन गरिनेछ। उक्त कार्यक्रम क्रमशः आफ्नो शाखामा अन्तारिकिकरण गर्दै लग्न सकिनेछ।

(८) नगरपालिका भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिको सूची तयार गरी उक्त व्यक्तिहरुलाई आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ।

(९) गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापना तथा सञ्चालन गरिनेछ।

(१०) वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**१४. अन्तरक्रिया तथा छलफल कार्यक्रम :** वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिको ज्ञान, सीपलाई प्रभावकारी रुपमा परिचालन

गर्नको लागि आवश्यक वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवालासँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ।

**१५. छात्रवृत्ति कार्यक्रम :** (१) पालुङटार नगरपलिका क्षेत्रभित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भई अभिभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिका सरकारी, सामुदायिक तथा सस्थागत विद्यालयमा अध्ययनरत १८ वर्ष सम्मका विद्यार्थीलाई छात्रवृत्ति सहयोग प्रदान गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकालाई मात्र समेटिनेछ।

(३) उपदफा (१) बमोजिम छात्रवृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत प्रदान गर्ने छात्रवृत्ति सहयोगले नसमेटिएका बालबालिकाको लागि मात्र व्यवस्था गरिनेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्रदान गरिने छात्रवृत्ति सहयोगलाई दुई तहमा (आधारभूत तहका बालबालिका र माध्यमिक तहका बालबालिका) विभाजन गरी प्रदान गरिनेछ।

(५) उपदफा (१) र (२) बमोजिम प्रदान गरिने छात्रवृत्ति सहयोगको लागि विद्यार्थी अध्ययनरत विद्यालय र सम्वन्धित वडा कार्यलयले वैदेशिक रोजगारीमा गई मृत्यु तथा अंगभंग, बेपत्ता भएको प्रमाण सहित नगरपालिकामा सिफारिश गर्नेछ। प्राप्त निवेदनहरुलाई आवश्यक छानविन गरी छात्रवृत्ति प्रदान गर्नेछ।

## परिच्छेद ४
## विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

**१६. सम्बन्धित विषयगत शाखा निर्धारण**: समाजिक विकास शाखा अन्तर्गत राखेर सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ। उक्त शाखाले अन्य शाखाहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ।

**१७. सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समिति:** (१) वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वय लगायतका कार्यमा सहजीकरण गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समिति रहनेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उप-प्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) रोजगार संयोजक (प्रधानमन्त्री रोजगार कार्यक्रम) - सदस्य

(ज) वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यक्रमको शाखा प्रमुख - सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**१८. सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक निर्देशन गर्ने,

(ख) अन्य स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार अन्तर्गतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्डको सचिवालय, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) आप्रवासी स्रोत केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नुका साथै उक्त स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि आवश्यक निर्देशन गर्ने वा नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्र मार्फत सुरक्षित आप्रवासन सम्बन्धि सेवा प्रवाहको लागि आवश्यक कार्य गर्ने,

(घ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीपमुलक तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु सञ्चालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,

(ङ) रोजगारीको लागि आवश्यक सीपमुलक तालिमको व्यवस्था गर्न, सीपयुक्त र ठगिमुक्त समुदाय घोषणा गर्न आवश्यक दिशानिर्देश गर्ने,

(च) निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी स्रोत केन्द्र लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने साथै उपप्रमुखको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,

(छ) अन्य विषयगत शाखा/समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(ज) आवधिक रुपमा बैठक बसी सञ्चालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(झ) सुरक्षित आप्रवासन(वैदेशिक रोजगार व्यवस्थापन) सँग सम्वन्धी कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने।

(ञ) वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिशानिर्देश गर्ने।

## परिच्छेद ५
## श्रोत तथा जनशक्ति व्यवस्थापन

**१९. श्रोत व्यवस्थापन:** (१) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र पालुङटार नगरपलिकाको अन्तरिक श्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य स्थानीय सरकार, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीमा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सकिनेछ।

**२०. आवश्यक जनशक्ति व्यवस्थापन :** (१) सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्नका निम्ति देहाय बमोजिमको जनशक्ति व्यवस्थापन गरिनेछ।

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|
| अधिकृत | १ | छैठौं | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरि कम्तीमा ३ वर्ष सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कार्य अनुभव भएको। समन्वय, सहजिकरण, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा प्रतिवेदन सम्बन्धि अनुभव भएको। |

| | | | |
|---|---|---|---|
| आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगार क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको । अनलाईन डाटा ईन्ट्री र प्रतिवेदनसम्बन्धी ज्ञान, वहुपक्ष समन्वय र सहकार्य सम्बन्धी ज्ञान, वैदेशिक रोजगार ऐन, नियम तथा निर्देशिका र कानून सम्बन्धी ज्ञान भएको । |
| मनोसामाजिक परामर्शकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| वित्तीय साक्षरता सहजकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| सामाजिक परिचालक | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा भएको । सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको वा वैदेशिक रोजगारीबाट फर्किएकालाई प्राथमिकता । |
| वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति (रिटर्नी) परिचालन | आवश्यकता अनुसार | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा २ वर्ष काम गरि फकिएको हुनुपर्ने छ । सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको । |

तर कर्मचारी भर्ना तथा नियुक्त गर्दा पालुङटार नगरपलिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिनेछ । सुरक्षित आप्रवासन कार्यक्रम लागू भएको सन्दर्भमा हाल कार्यरत जनशक्तिहरुको क्षेत्रगत विज्ञताको आधारमा क्रमश: आन्तरीकिकरण गरी वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापनलाई दिगो रुपमा संस्थागत गर्न सकिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सशर्त कार्यक्रममा विनियोजित बजेट र नगर कार्यपालिकाद्वारा विनियोजित बजेटको परिधिभित्र रही जनशक्ति व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ६
## विविध

**२१. समन्वय तथा सहकार्य :** (१) वैदेशिक रोजगारीको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय सरकार, प्रदेश सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय तथा दातृ निकाय र विकास साझेदारहरुको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(२)** नगरपालिकाले सञ्चालन गरेका सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरु, आप्रवासनको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु तथा अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिँदै सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

**२२. व्याख्या, संशोधन तथा खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**२३. प्रचलित कानून वमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत